जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १८५ पृष्ठः ४ | २०८२ कार्तिक २६ बुधबार (Wednesday 12 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## बर्थिङ केन्द्रको माग लहानका महिला



**जीवछ यादव**

सिरहा, २५ कार्तिक। लहान नगरपालिकाको पश्चिम उत्तर ग्रामीण भेगका स्थानीय महिलाहरुले बर्थिङ केन्द्रको माग गरेका छन्। नियमित पोषण प्याकेज वितरण गर्न जानु भएको लहान नगरप्रमुख महेशप्रसाद चौधरीसँग लहान वडा नम्बर २४ का सुत्केरी र गर्भवती महिलाहरुले यस्तो माग गरेका हुन्। लहान अस्पताल जान समयमा सवारी साधन समेत नपाउने अवस्था रहेकाले यस भेगमा बर्थिङ केन्द्र सञ्चालनका लागि महिलाहरुले माग गरेको वडा नम्बर २४ का वडाध्यक्ष रासलाल रायले जानकारी दिनुभयो।

सहरी क्षेत्रका तीन वटा वडा बराबर वडा नम्बर २४ रहेको र यस वडामा वर्षातको समयमा सबै गाउँमा एम्बुलेन्स समेत जान नसक्ने अवस्था रहेकाले सडक, खानेपानी, किसानका लागि विद्युत महसुलको शुल्क बुझाउन र बर्थिङ केन्द्रसहित अस्पतालको आवश्यकता रहेको वडाध्यक्ष रायले नगरप्रमुख चौधरीलाई ध्यानाकर्षण गराउनुभयो।

लहान वडा नम्बर १७ र वडा नम्बर १९ मा बर्थिङ केन्द्र यसै वर्षदेखि सञ्चालनमा ल्याएको स्वास्थ्य शाखा प्रमुख बिन्देश्वर चौधरीले स्पष्ट गर्नुभयो। साथै वडा नम्बर १३, १४ र २४ जोडिएको ग्रामीण भेगका लागि बर्थिङ केन्द्र स्थापना गर्न स्वास्थ्य शाखा छलफल अघि बढाएको उहाँको भनाइ छ। प्रत्येक महिनाको २२ गते सुत्केरी र गर्भवती महिलाहरुका लागि पोषण प्याकेजअन्तर्गत चामल, दाल, गेडागुडी, तेल वितरण गर्दै आइरहेको नगरप्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो।

अहिलेसम्म लहान नगरपालिका स्वास्थ्य शाखाबाट तेस्रो चरणको गरी एक हजारभन्दा बढि सुत्केरी तथा गर्भवती महिलाहरुलाई पोषण प्याकेज वितरण गरिसकेको छ।

## मधेश प्रदेशमा मुख्यमन्त्री नियुक्तिविरुद्ध सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी

जनकपुरधाम, २५ कार्तिक। सर्वोच्च अदालतले मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवलाई दीर्घकालीन प्रभाव पर्ने कुनै पनि काम नगर्न अन्तरिम आदेश दिएको छ। न्यायाधीश टेकप्रसाद ढुङ्गानाको इजलासले मुख्यमन्त्री नियुक्ति प्रकिया प्रारम्भिक रूपमा असंवैधानिक भएको ठहर गर्दै अहिलेलाई यथास्थितिमा राख्न भनेको हो। इजलासले सुविधा र सन्तुलनको दृष्टिकोण भन्दै मुख्यमन्त्री यादवलाई मधेश प्रदेशमा दीर्घकालीन प्रभाव पार्ने कुनै नीतिगत निर्णय नगर्नू/नगराउनू भनेको छ।

सर्वोच्च अदालतको यो आदेश मुद्दाको अन्तिम किनारा नलागेसम्म कायम हुनेछ। मुख्यमन्त्री नियुक्तिविरुद्ध हिजो परेका तीन वटा रिट निवेदनका आधारमा न्यायाधीश ढुङ्गानाको इजलासले आदेश जारी गरेको हो। प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८ को उपधारा ३ बमोजिम ठूलो दलको हैसियतले नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरी हिजो बिहान बर्दिबासको एक होटलमा सपथ खुवाउनुभएको थियो। उपधारा २ अनुसार सरकार बन्ने सम्भावना हुँदाहुँदै ३ बमोजिम सरकार गठन गरेको भन्दै सर्वोच्चमा रिट परेको हो।

यही घटनाका कारण प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी पदमुक्त भइसक्नुभएको छ।

मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलले आज भण्डारीलाई पदमुक्त गरी नयाँ प्रदेश प्रमुखमा सुरेन्द्रलाभ कर्णलाई शपथ खुवाउनुभएको छ।

–बाँकी अन्तिम पेजमा

## ३ महिनामा प्रेस स्वतन्त्रता हननका ५९ घटना

काठमाडौँ, २५ कार्तिक। छिल्ला तीन महिनामा प्रेस स्वतन्त्रता हननका ५९ घटना घटेको प्रेस काउन्सिल नेपालले जनाएको छ। गएको साउन १ गतेदेखि असोज ३१ गतेको अवधिमा सङ्ख्यामा प्रेस स्वतन्त्रता हननका घटना भएको काउन्सिलले जनाएको हो। तीमध्ये सबैभन्दा धेरै आक्रमण र कुटपिटका ३४ घटना रहेको काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवम् प्रवक्ता दीपक खनालले जानकारी दिनुभयो।

त्यसैगरी धम्की/दुर्व्यवहारका १०, पेसागत असुरक्षाका आठ, कब्जा/अवरोधका पाँच र नीतिगत बन्देजका दुई वटा घटना घटेको छ। प्रदेश अनुसार सबैभन्दा धेरै बागमतीमा ४४, मधेशमा ६,

–बाँकी अन्तिम पेजमा

## मधेशका मुख्यमन्त्री यादवलाई बर्खास्त गर्न माग गर्दै सिरहामा प्रदर्शन

**विनय आजाद**

सिरहा, २५ कार्तिक। मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवलाई बर्खास्त गर्न माग गर्दै मिर्चैयामा प्रदर्शन भएको छ। जनमत पार्टीबाट प्रदेशसभा सदस्य भाग्यश्री चौधरीको नेतृत्वमा मिर्चैयामा प्रदर्शन भएको हो। यादवलाई संविधान र संघीयताको अपमान गरी गैरकानुनी ढंगले नियुक्त गरिएको भन्दै उनलाई सरकारले बर्खास्त गर्नुपर्ने



प्रदेशसभा सदस्य चौधरीले माग गरिन्। 'प्रदेश प्रमुखले गरेको यो हर्कत संविधान र संघीयताको

–बाँकी अन्तिम पेजमा




## समयमै बसाइसराइ दर्ता गरौं ।

**बसाइँ सरेर जाँदा चाहिने कागजातहरु:**

- लगत हस्तान्तरण फाराम,
- बसाइँसराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्षभन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,
- बसाइँसराइ गर्नेको सबै प्रकारका व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्र,
- बाबु वेपत्ता वा ठेगान थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन।

**बसाइँ सरेर आउँदा चाहिने कागजातहरु:**

- लगत हस्तान्तरण फाराम,
- सूचकको नागरिकता।

सम्बन्धित स्थानीय तहमा ३५ दिनभित्र बसाइँ सराइको दर्ता गरौं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## गाउँको मुहार फेर्ने सपना

नेपाल भौगोलिक र उत्पादनमा विविधता भएको देश हो। हिमाल, पहाड र तराई/मधेशमा बेग्लाबेग्लै उत्पादन गरेर आयआर्जन र रोजगारी बढाउन सकिन्छ। हिमाली क्षेत्र पर्यटन तथा पदयात्राका लागि उपयुक्त छ। त्यहाँ पशुपालन, स्याउ, जडीबुटी, फलफूल, राडीपाखी उत्पादन गरेर स्थानीय व्यापार चलायमान बनाउन सकिन्छ। पहाडी क्षेत्रमा कृषि र पशुपालनलाई जोड दिनु पर्छ। ग्रामीण उत्पादनलाई सघीय राजधानीलगायत सहरबजारमा पुऱ्याउन सडक सञ्जालको विकास भएको छ। नेपाली उत्पादन बिक्रीका लागि भारत र चीनको तिब्बत उपयुक्त थलो हो।

हिमाली क्षेत्रका बासिन्दालाई पर्यटन र स्थानीय उत्पादनले आत्मनिर्भर र उद्यमी बनाउन सकिन्छ। हिमाल र पहाडका दुर्गम गाउँबस्तीमा ठुला उत्पादन गर्न सकिँदैन। त्यहाँ जमिनको उपयोग, पानी र वनसँग जोडिएको उत्पादन, बाँझो र सार्वजनिक जग्गा उपयोग, जडीबुटी उत्पादन र प्रशोधनले साना र मझौला खालका उद्यमशीलता विकास गर्न सकिन्छ। स्वदेशी तथा विदेशी पर्यटक पर्यटक भित्र्याउन स्थानीयसँग सहकार्य गरेर योजना बनाउने, ज्ञान, सिप र स्थानीय प्रविधि प्रयोग गरी उत्पादन बढाउने पर्याप्त आधार छन्। तुलनात्मक लाभका क्षेत्र पहिचान गर्ने, मूल्य शृङ्खलाका वस्तु उत्पादन तथा जग्गाको छनोट गर्ने र उत्पादन गरेको वस्तुको बजारीकरण गर्ने हो भने स्थानीय तहमै रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ। दुर्भाग्य रोजगारीका लागि गाउँबाट सहर र राजधानी पस्ने अनि विदेश जाने प्रवृत्तिले आज गाउँ रित्तिएका छन्। गाउँघरमा जनशक्तिको अभाव भएको छ। गाउँघरको उत्पादनलाई व्यवस्थापन गर्न पनि सकिएको छैन। गाउँका जमिन र जङ्गलको उपयोगितामा कमी आएको छ। कृषिप्रधान देश भएर पनि उत्पादनको मोडेल बनाउन नसक्दा कृषि तथा पशुपालनमा आत्मनिर्भर बन्न सकिएन। तराई मधेश अन्नको भण्डार हो। राम्ररी व्यवस्थापन गर्न नसक्दा मुलुक अन्नमा समेत आत्मनिर्भर छैन।

गाउँघरका मानिस गाउँमै रमाउने, सहर र विदेश गएका मानिस पनि गाउँ फर्कने योजनासहितको वातावरण बनाउनु आजको प्रमुख आवश्यकता हो। हामीले आफैँ उत्पादन गर्ने, खपत गर्ने र बढी उत्पादन गरी बिक्री गर्ने योजना बनाउनु पर्छ। गाउँको उत्पादन मोडेल बनाउने हो भने सहर पसेका मानिस गाउँ फर्किन तयार हुने छन्। सहर पसेका मानिस पुर्ख्यौली गाउँ फर्कन थाले भने गाउँघरको मुहार फेरिने छ। पछिल्लो दशकमा स्थानीय उत्पादन ह्वात्तै घटेको छ। मानिस खेतीपाती गर्न छोडेर सहर र विदेश पलायन भएका छन्। धेरै गाउँघर युवाविहीन छन्। गाउँघरबाट सहर पसेका युवा पनि विदेश पलायन हुँदा गाउँघरको अवस्था दयनीय बनेको हो।

कृषि यस्तो क्षेत्र हो, जसले स्वरोजगारी मात्र होइन बहुरोजगारीसमेत सिर्जना गर्न सक्छ। हामीले माल पाएर पनि चाल पाउन सकेनौँ। नेपालमा ठुला कृषि फार्मको अवधारणा आएकै छैनन्। खण्डीकरणले भूमिको उत्पादकत्व घट्दै गएको छ। विदेशमा गएर कृषिकर्म गरेर फर्केका कतिपय युवाले केही समययता काठमाडौँ वरपर भाडामा जग्गा लिएर गरिएको च्याउ, गोलभैँडा र अन्य मौसमी तरकारी खेती गर्न थालेका छन्। केही युवा आफ्नै गाउँघर फर्केर कृषि, पशुपालन र फलफूल खेती गरी आयआर्जन गरेका छन्। लमजुङ र तनहुँको सीमाक्षेत्र भानु नगरपालिका अन्तर्गतको चितीखोलामा स्थापना गरिएको ग्रिन हिमालय फार्मस्टे अनुकरणीय बनेको छ। डुम्रे–बेँसीसहर सडकमा पर्ने अर्चलेबाट एक किलोमिटरको बाटो तय गरेपछि त्यहाँ पुगिन्छ। काठमाडौँमा भएको सुविधासम्पन्न घर बेचेर गीता अधिकारी पाण्डेले त्यहाँ फार्मस्टे सञ्चालन गर्नुभएको छ।

यो विषय धेरैलाई अपत्यारिलो लाग्न सक्छ तर उहाँले काठमाडौँको घर बेचेर हिम्मतका साथ गाउँ फर्केर फार्मस्टे सुरु गर्नुभएको हो। फार्मस्टेमा आधुनिकदेखि परम्परागत खालका बस्ने ठाउँ बनाइएको छ। अर्गानिक' खानपानको व्यवस्था गरिएको छ। बर्सौं छाडेको पुरानो घरलाई नै मर्मत गरी सञ्चालनमा ल्याइएको छ। दुई करोड रुपियाँभन्दा बढी लगानी गरी पाण्डेले पुर्ख्यौली जग्गा ७५ रोपनी क्षेत्रफलमा आफैँले खेती गरी पर्यटकलाई अर्गानिक खाना खुवाउने व्यवस्था गर्नुभएको छ। घर बेचेको पैसा र बैङ्कबाट ऋण लिएर बर्सौं बाँझिएको जमिन र छाडेको घर हराभरा भएको छ।

पाण्डेको यो सक्रियता, सोच र हिम्मतलाई अरूले पनि आत्मसात् गर्न सके रोजगारी र आयआर्जन गर्न बिदेसिनु पर्दैन। आफ्नो गाउँघरलाई हराभरा बनाउँदै उद्यमशीलताको विकास गर्न सकिन्छ। नेपालको समग्र भूमिको उत्पादन विशेषता अनुसार खेतीपाती र पशुपालनलाई बढावा दिने हो भने रोजगारीका लागि बिदेसिनुपर्ने अवस्था आउँदैन।

# प्रदेश किन उपेक्षित ?

आजको आवश्यकता प्रदेश सरकारहरूले संघीयता अभ्यासका क्रममा देखिएका कमजोरी सुधार्नु अनि प्रशासनिक–आर्थिक रूपमा छरितो, मितव्ययी र परिणाममुखी प्रदेश संरचना निर्माण गर्नु हो।

**राजेन्द्र पौडेल**

भदौ २३ र २४ को जेन–जी विद्रोहपछि मुलुकले अपनाएको संघीय शासन प्रणालीको औचित्यमाथि पुनः प्रश्न उठ्न थालेको छ। विशेषतः प्रदेश संरचना खारेज गरी स्थानीय तहलाई अझै अधिकारसम्पन्न बनाउनुपर्ने आवाज बढ्दै गएको छ। अर्कातर्फ, संघीय शासनको विकल्प खोज्ने कार्य हतारो हो कि भन्ने शंकासहितको जनमत पनि समानान्तर रूपमा अभिव्यक्त भइरहेको छ। आन्दोलनपछि सतहमा आएका विभिन्न राजनीतिक तथा सामाजिक प्रतिनिधिबीच यस विषयमा फरक–फरक दृष्टिकोण खुला रूपमा प्रस्तुत भइरहेका छन्।

नेपालमा संघीय शासन प्रणालीलाई औपचारिक स्वरूप दिन २०७२ सालमा संविधान जारी गरिएको हो भने २०७५ देखि पूर्ण रूपमा कार्यान्वयनमा आएको हो। विगतबाट छिटपुट रूपमा संघीयताको कुरा उठ्ने गरे पनि यसलाई स्थापित गर्ने मूल श्रेय २०६३ सालको अन्तरिम संविधानपछि उदाएको मधेश आन्दोलन र अन्य जातीय–क्षेत्रीय आन्दोलनहरू नै हुन्। तत्कालीन राजनीतिक दलहरूले ती आन्दोलनलाई मत्थर पारी मुलुकलाई स्थायित्वको बाटोमा डोहोऱ्याउन बाध्य भएरै संघीयता' को मुद्दा स्वीकार गरेका थिए। त्यसैले संघीयता स्वतःस्फूर्त स्वीकृत मुद्दा नभई आन्दोलनको बलले स्थापित गरिएको व्यवस्था हो भन्ने तथ्य अस्वीकार गर्न सकिँदैन।

यही पृष्ठभूमिमा संघीयताको मूल आत्मा मानिएको प्रदेश संरचना' प्रति छोटो अवधिमै असन्तोष बढ्नुका कारणहरू अध्ययनका लागि ज्वलन्त विषय बनेका छन्। जबर्जस्त रूपमा स्थापित संघीयताको प्रादेशिक संरचनाविरुद्ध किन जनमत बढ्दै गएको छ ? यसै प्रश्नलाई केन्द्रमा राख्दै प्रदेश किन उपेक्षित ?' भन्ने बहस अहिले राष्ट्रिय राजनीतिको केन्द्रबिन्दु बनेको छ। संघीय सरकारको सन्देहपूर्ण भूमिका

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीचको राज्यशक्ति तथा अधिकार बाँडफाँट स्पष्ट पारेको छ। साझा अधिकार सूचीदेखि एकल अधिकार सूचीसम्म संविधानले किटान गरिसकेको छ। र, कार्यविस्तृतीकरण प्रतिवेदनले यसलाई थप स्पष्ट पारे पनि व्यवहारमा संघीय सरकारले प्रदेश सबलीकरणमा पर्याप्त कदम उठाउन सकेको छैन। संविधानले प्रदेशले संघीय कानुनसँग बाझिने कानुन बनाउन नहुने व्यवस्था गरेको छ तर संघीय संसद्ले आवश्यक कानुन निर्माण वा संशोधनमा इमानदार प्रयास नगर्दा प्रदेशहरू लामो समय कानुनी रिक्ततामा परे। बाध्य भएर प्रदेशहरूले आ–आफ्नै हिसाबले कानुन बनाउन थाले। जस्तै– संघीय निजामती सेवा ऐन अझै जारी भएको छैन तर प्रदेशहरूले आ–आफ्ना निजामती तथा स्थानीय सेवा ऐन बनाइसकेका छन्। परिणामतः प्रदेशहरूले बनाएका कानुनमा असमानता र विरोधाभास देखिएको छ र संवैधानिक इजलासमा दर्जनौं मुद्दा पुगेका छन्।

वित्तीय संघीयताको क्षेत्रमा समेत संघीय सरकारको प्रतिबद्धता सन्तोषजनक देखिएन। प्रमुख कर तथा ठूला आयोजना संघकै नियन्त्रणमा रहँदा प्रदेशहरू आर्थिक रूपमा आत्मनिर्भर बन्न नसकी संघीय अनुदानमा निर्भर भए। यसले संघीय सरकारको नियतमाथि प्रश्न उठायो। त्यस्तै, कर्मचारी समायोजनमा देखिएको अव्यवस्था पनि गम्भीर चुनौती बन्यो। बलपूर्वक पठाइएका कर्मचारीहरूले संघीयताको विरोध गर्ने व्यवहार देखाए। संघीयता कार्यान्वयनको मेरुदण्ड मानिएको प्रशासनिक संयन्त्रलाई समयमै स्थायित्व दिन नसक्दा संघीयताको प्रभावकारिता नै कमजोर बन्न पुग्यो।

**प्रदेश सरकारकै कमजोरी**

संघीयता कार्यान्वयनको सुरुवाती चरणमा प्रदेश सरकारहरू अपेक्षाकृत छरितो र प्रतिबद्ध देखिएका थिए। सात सदस्यीय सानो मन्त्रिपरिषद्ले काम थालेका बेला कर्मचारी अभाव र कानुनी रिक्तता ठूलो चुनौती थियो। समय क्रममा यी समस्या केही हदसम्म समाधान भए तर प्रदेश सरकारले संघकै समानान्तर प्रवृत्ति देखाउन थाल्यो। अनावश्यक मन्त्रालय विस्तार, अस्वाभाविक आकारका मन्त्रिपरिषद्, जम्बो सल्लाहकार समूह र प्रशासनिक संरचना खडा गर्ने अभ्यासले चालु खर्च बढायो तर जनजीविकामा ठोस परिणाम ल्याउन सकेन।

प्रदेश सांसदहरू पद र शक्ति हासिल गर्न दल फुटाउने वा अनेक तिकडम गर्ने मनांगे प्रवृत्ति' मा संलग्न भए। यसले जनविश्वास अझै घटायो। भ्रष्टाचार र अनियन्त्रित सेवा सुविधाले आलोचनालाई थप उचाइ दियो। केन्द्रमा सरकार परिवर्तन हुँदा त्यसको छाया प्रदेशमा पनि पर्न थाल्यो। संघीय नेतृत्वको इसारामा सरकार गठन वा फेर्ने अभ्यासले प्रदेशको स्वतन्त्रता कमजोर बनायो। परिणामतः संघीयताको आत्मा मानिएको प्रदेश सरकारले आफ्नै विवेकलाई बन्धकी राखेर चल्न थाल्यो र जनतामाझ विश्वासिलो विकल्पका रूपमा स्थापित हुन सकेन।

**न्यायपालिकाको अप्रभावकारी भूमिका**

प्रदेश सरकारलाई सबल र सक्षम बनाउन न्यायपालिकाले पनि योगदान पुऱ्याउन सक्थ्यो भन्ने अपेक्षा रह्यो। अदालतबाट हुने संवैधानिक तथा कानुनी व्याख्याले संघीय अभ्यासमा गहिरो प्रभाव पार्छन् भन्ने कुरा विद्वान्हरूले निरन्तर उठाउँदै आएका छन्। तर, व्यवहारमा न्यायपालिकाले प्रदेशको सक्षमता र स्वतन्त्रता सुनिश्चित गर्नेतर्फ अपेक्षित भूमिका निर्वाह गर्न सकेन।

प्रदेशसँग सम्बन्धित काममा संघले सहजीकरण नगरेका वा अनावश्यक हस्तक्षेप गरेको भनी दर्ता भएका मुद्दा समयमा टुंग्याउन अदालत असफल रह्यो। भएका निर्णयहरूमा पनि एकरूपता र सामञ्जस्यता देखिएन। मधेश प्रदेश सरकारले संघ सरकारविरुद्ध दायर गरेको सागरनाथ वनसम्बन्धी मुद्दा होस् वा कर्मचारी समायोजनसम्बन्धी विवाद– ७ वर्षसम्म पनि निर्णय नभएको मात्र होइन, मिसिल नै खरानी भएको तीतो यथार्थ छ। गण्डकी प्रदेश सरकार गठनसँग सम्बन्धित रिटमाथि अदालतले गरेको व्याख्या र आदेशमा कानुनी क्षेत्रमा चर्को असहमति देखियो। संघबाट प्रदेशमा समायोजन भएर गएका कर्मचारीहरूले दायर गरेका रिटमा समेत फरक–फरक आदेश हुँदा प्रदेश सरकार र त्यहाँ कार्यरत कर्मचारी अनिश्चितताको चक्रमा फसे।

यसले न्यायपालिकामाथि केन्द्रीकृत सोच हाबी रहेको आरोपलाई बलियो बनाइदियो। संघीय संरचनामा प्रदेशको स्वतन्त्रता र स्थायित्व कायम गर्नुपर्ने संवैधानिक अभिभावकको भूमिकामा न्यायपालिका कमजोर देखिनु संघीय अभ्यासकै विश्वास घटाउने प्रमुख कारणमध्ये एक बन्न पुग्यो।

**गैरजिम्मेवार मूलधारका मिडिया**

संघीयताको अभ्यासलाई सुदृढ बनाउन मूलधारका मिडियाले महत्त्वपूर्ण भूमिका खेल्न सक्थे। तर, मिडियाले जानेर वा नजानेर, चाहेर वा नचाहेर संघीयताका जानकारलाई पर्याप्त स्थान दिनुभन्दा पनि टीआरपी' को दौडमा बिकाउ मुद्दा पछ्याउने प्रवृत्ति देखाए। प्रदेश सरकारले सामाजिक क्षेत्रमा गरेको लगानी, मानव विकास सूचकांकमा देखिएको सुधार, पर्यटन प्रवर्द्धनका प्रयासजस्ता सकारात्मक पक्षमाथि उचित ध्यान दिइएन। बरु सरकार परिवर्तन, मन्त्रीहरूको हेरफेर, रहनसहन वा भद्दा जीवनशैलीलाई बढाइचढाइ प्रस्तुत गरियो। यसरी प्रचारको सन्तुलन गुम्दा प्रदेश संरचनाप्रति नकारात्मक धारणा निर्माण हुँदै गयो।

भ्रष्टाचारका घटना विगतमा नभएका होइनन्। तर, मिडियाले प्रदेश सरकार स्थापना भएपछि मात्रै भ्रष्टाचार अस्वाभाविक रूपमा बढेजस्तो देखाएर समाचार प्रस्तुत गरे। सुशासन र प्रशासनिक सरलता खोजिरहेका आमजनतालाई यस्तो पक्षपाती सूचना प्रवाहले झन् असन्तुष्ट बनायो।

**सामाजिक अभियन्ता, इन्फ्लुएन्सर र स्वार्थ समूह**

आजको समयमा सूचना प्रवाहको मुख्य आधार परम्परागत मिडिया मात्रै होइन, सामाजिक सञ्जाल पनि बनेको छ। यिनै डिजिटल प्लेटफर्ममा सक्रिय सामाजिक अभियन्ता र इन्फ्लुएन्सरहरू फलोअर' र भ्युज' को प्रतिस्पर्धामा देखिन्छन्। प्रदेश सरकारले गरेका सकारात्मक कार्यहरू उनीहरूको सामग्री बन्न सकेनन्। बरु प्रदेश सरकारले गरेको एउटै गल्तीलाई अनेक कोणबाट विश्लेषण गरी कपोलकल्पित विषय पनि जोडेर सनसनी रूपमा प्रस्तुत गरियो। यसले गलत सूचनाको बाढी ल्यायो र आम जनता कुन सही, कुन गलत भन्ने छुट्याउन नसक्ने अवस्थामा फसे।

संघीय शासन प्रणालीमा जनताले सहजै स्वीकार गर्न कठिन हुने तह नै प्रदेश तह हो। यसको आवश्यकता र अनिवार्यता प्रमाणित हुन केही समय लाग्ने नै हो। तर, विभिन्न स्वार्थ समूहहरूले यहीबीचको समय प्रयोग गर्दै प्रदेशका कमजोरीलाई बढाइचढाइ जनतामाझ फैलाए र आफ्नो स्वार्थसिद्ध गर्ने प्रयास गरे। यसरी भ्रामक प्रचारले प्रदेश संरचनाप्रति जनताको उपेक्षा बढाउन ठूलो भूमिका खेलेको छ।

**अन्त्यमा,**

संघीयता नेपालको संविधानले अंगीकार गरेको राजनीतिक, सामाजिक र प्रशासनिक व्यवस्थाको मेरुदण्ड हो। यो केवल प्रशासनिक सहजताका लागि मात्रै आएको होइन, नेपालको बहुविविधता सम्बोधन गर्दै सबै पक्षलाई शासन संरचनामा सहभागी गराउने माध्यमका रूपमा स्वीकार भएको हो। आजको आवश्यकता प्रदेश सरकारहरूले संघीयता अभ्यासका क्रममा देखिएका कमजोरी सुधार्नु अनि प्रशासनिक–आर्थिक रूपमा छरितो, मितव्ययी र परिणाममुखी प्रदेश संरचना निर्माण गर्नु हो। सुधारिएको र जनमुखी संघीय अभ्यासमार्फत मात्रै जनता सन्तुष्ट भई सहनशील समाज तथा समृद्ध नेपाल निर्माणको यात्रामा प्रदेश सरकार महत्त्वपूर्ण आधारस्तम्भ बन्ने अपेक्षा गर्न सकिन्छ।

# अस्पतालमा तोडफोड गर्ने चार जनामाथि आपराधिक उपद्रव मुद्दा

**विनय कर्ण**

सप्तरी, २५ कार्तिक। गजेन्द्रनारायण सिंह अस्पताल राजविराजका निमित्त मेसु डा. दिलीप साहमाथि हातपात र अस्पतालमा तोडफोड गर्ने चार जनामाथि आपराधिक उपद्रव मुद्दा चलाइएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीले हातपात तथा तोडफोडको आरोपमा राजविराज नगरपालिका ४ का २४ वर्षीय उदय ठाकुर, सोही ठाउँका २४ वर्षीय विनित चौहान, विष्णुपुर गाउँपालिका ६ का ५० वर्षीय प्रमेश्वर यादव र सोही ठाउँका २५ वर्षीय रमन यादव उपर मुद्दा चलाइएको हो। चारै जनालाई




पक्राउ गरी आपराधिक उपद्रव मुद्दामा सप्तरी जिल्ला अदालतबाट ६ दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले बताउनुभयो। सप्तरीको रुपनी गाउँपालिका वडा नम्बर ३ हर्दिया टोलकी रेखा यादवले आइतबार जन्म दिएकी नवजात शिशुलाई स्वास्थ्य समस्या देखिएपछि अस्पतालको एनआईसियु कक्षमा राखिएको थियो। साँझ पख

–बाँकी अन्तिम पेजमा

# सीके राउतको अभिव्यक्तिप्रति प्रदेश अध्यक्षको आपत्ति

काठमाडौँ, २५ कार्तिक। जनमत पार्टीका अध्यक्ष सीके राउतले दिएको अभिव्यक्तिप्रति प्रदेश अध्यक्षले नै आपत्ति जनाएका छन्। मंगलबार कोशी प्रदेश अध्यक्ष बुद्धिराज न्यौपानेले प्रेस विज्ञप्ति जारी गर्दै राउतले मधेस विभाजनसम्बन्धी दिएको अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाएका हुन्। अध्यक्षको व्यक्तिगत अभिव्यक्ति पार्टीको आधिकारिक धारणा नभएको समेत उनले बताए। उनले भने,'जनमत पार्टीको मूल सिद्धान्त, नीति र उद्देश्य सघीयता, समान अधिकार, समावेशिता र न्यायपूर्ण प्रतिनिधित्वमा आधारित छ। मधेस तथा सम्पूर्ण नेपाली



जनताको अधिकार सुरक्षाका लागि हाम्रो सघर्ष एकीकृत राष्ट्रिय भावनामा केन्द्रित रहेको छ। देश विभाजन वा क्षेत्रीय विखण्डन हाम्रो पार्टीको एजेन्डा कहिल्यै थिएन र छैन पनि। अध्यक्षज्यूको व्यक्तिगत अभिव्यक्ति पार्टीको आधिकारिक धारणा होइन भन्ने कुरामा म स्पष्ट छु।' जनमत पार्टी सदैव कार्यकर्ता, समर्थक तथा जनतासँग एकता, सहकार्य र साझा राष्ट्रिय हितका लागि अडिग रहने बताए। अध्यक्ष राउतले देश नै विखण्डन गर्ने खालको माग राखेर संविधानलाई नै चुनौती

–बाँकी अन्तिम पेजमा

# जेनजी आन्दोलनबाट क्षतिग्रस्त संरचनाको २ महिनापछि पुनर्निर्माण सुरु गरिने

काठमाडौँ, २५ कार्तिक। अर्थमन्त्री रामेश्वर खनालले जेनजी आन्दोलनका क्रममा आगजनीबाट क्षतिग्रस्त भएका महत्त्वपूर्ण संरचनाको पुनर्निर्माण दुई महिनापछि सुरु गरिने जानकारी दिएका छन्। सिंहदरबारमा मंगलबार बसेको राष्ट्रियसभा अन्तर्गतको सघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा मन्त्री खनालले जेनजी आन्दोलनका क्रममा आगजनीबाट क्षतिग्रस्त सिंहदरबारभित्रका महत्त्वपूर्ण संरचनालाई अहिलेकै बजेटभित्रबाट दुई महिनापछि सुरु गरिने जानकारी दिए। उनले जेनजी आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीबाट सरकारी संरचनातर्फ करिब सय अर्बको क्षति भएको प्रारम्भिक अनुमान रहेको बताए।

जेन जी आन्दोलन क्षतिग्रस्त संरचना पुनर्निर्माण गर्न स्थापना गरिएको कोषमा ८ करोड रुपैयाँ जम्मा भएको उनले जानकारी दिए। मन्त्री खनालले टुक्रे आयोजनाहरूको बजेट कटौती गरी हुलाकी, मध्य पहाडी लोकमार्ग, बिपी राजमार्ग लगायतका रणनीतिका आयोजनाहरूलाई प्राथमिकतामा राखेर बजेट छुट्टाइएको उल्लेख गरे।

जेनजी आन्दोलनको माग अनुसार बजेटको सही परिचालनका लागि सार्वजनिक खर्च व्यवस्थापन, खर्च कटौतीका आधार एवं मापदण्डलाई प्रभावकारी बनाइएको उनले बताए। मन्त्री खनालले आयकर घटे पनि समग्र राजस्व बढेको बताए।

उनले जेनजी आन्दोलनपछि सेप्टेम्बरमा पर्यटक आगमनको सङ्ख्या घटे पनि त्यसपछि भने पर्यटक आगमनको संख्या निकै बढेको धारणा राखे। उनले जेनजी आन्दोलनपछि निजी क्षेत्रमा भएको क्षतिपछि व्यावसायिक वातावरण बनाउन सरकारले अधिकतम पहल गरेको जानकारी दिए।

# मधेसका नवनियुक्त मुख्यमन्त्रीले सम्हाले कार्यभार

जनकपुर, २५ कार्तिक। मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले कार्यभार सम्हालेका छन्। कार्यभार सम्हाल्दै उनले मधेस आन्दोलनका सहिदहरूलाई मधेस रत्नले सम्मानित गर्ने पहिलो निर्णय गरेका छन्। मधेस आन्दोलनमा शहादत प्राप्त गरेका शहीदहरूलाई मधेस रत्न सम्मानबाट सम्मानित गर्ने निर्णय गरेका हुन्। मुलुकमा सघीयता ल्याउन मधेसका शहीदहरूको अतुलनीय योगदान रहेको मुख्यमन्त्री यादवले बताए।

उनले शहीदका परिवारलाई मधेसमा आर्थिक सहयोग दिइएको भएपनि मधेसका शहीदहरूलाई सम्मान नभएको बताए। उनले प्रदेशमा शान्ति सुव्यवस्था कायम गरी सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाउन सुरक्षा निकायका पदाधिकारीहरूलाई निर्देशन दिएका हुन्। कात्तिक २३ मुख्यमन्त्री नियुक्त भएका उनले कात्तिक २४ गते शपथ लिएका थिए।

# फागुन २१ को चुनावमा विद्युतीय भोटिङ मेसिन प्रयोग गर्न सुझाव

काठमाडौँ, २५ कार्तिक। पूर्वप्रमुख निर्वाचन आयुक्तहरूले फागुन २१ को प्रतिनिधि सभा निर्वाचनमा विद्युतीय भोटिङ मेसिन प्रयोग गर्न सुझाव दिएका छन्। सोमबार आयोगले पूर्वप्रमुख निर्वाचन आयुक्त, आयुक्त र निर्वाचन आयोगका पूर्वसचिवहरुको छलफलमा सरोकारवालाहरूले यस्तो सुझाव दिएका हुन्। फागुन २१ गते घोषणा गरिएको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले लिनुपर्ने रणनीति, अपनाउनुपर्ने सावधानीबारे पूर्वप्रमुख निर्वाचन आयुक्तसँग छलफल गरेको थियो।




छलफलमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तहरू डा. जानकीकुमारी तुलाधर, सगुन शमशेर जङ्गबहादुर राणासहित पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती, पूर्वआयुक्त दोलखबहादुर गुरुङ, पूर्वसचिव सुरेश अधिकारी लगायतको उपस्थिति रहेको थियो। आयोगसँगको छलफलमा सहभागी पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले फागुन २१ को निर्वाचनका सन्दर्भमा तयारी, आवश्यकता र अनुभवबारे आदानप्रदान भएको बताए। त्यस क्रममा उप्रेतीले विदेशमा रहेका नेपाली नागरिकको मताधिकारको सुनिश्चितालगायतमा छलफल भएको बताए।

आयोगमा भएको छलफल अनुसार उहाँहरू फागुन २१ को निर्वाचन परम्परागत शैलीमा सम्पन्न गर्न तयार हुनुहुन्छ', उप्रेतीले भने, त्यो भन्दा अगाडि जान केही तयारी गर्नुपर्ने देखिन्छ।' उप्रेतीले प्रविधि प्रयोग गरेर मतदान गर्ने र विदेशमा बसेकाहरूलाई मतदान गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने कि भन्ने सन्दर्भमा आयोगका अधिकारीहरूले सुझाव लिन खोजेको बताए। त्यस्तै शान्ति सुरक्षा र अहिलेको अवस्थामा सबै राजनीतिक पार्टीहरूले निर्वाचनमा भाग लिन हिच्किचाहेको अवस्थालाई कसरी सम्बोधन गर्ने भन्नेबारे समेत आयोग र सरोकारवालाबिच छलफल भएको छ।

विदेशमा रहेका मतदाताका सवालमा सर्वोच्च अदालतको आदेश अनुसार कानुन बनिसकेकाले यदि त्यो कार्यान्वयन गर्ने हो भने नियमावली बनाउनुपर्ने अवस्था रहेको छ। उनले विदेशमा रहेका नेपालीलाई समेत मतदानको व्यवस्था मिलाउनतर्फ प्रयास गर्नुपर्ने सुझाव दिएको बताए।

–बाँकी अन्तिम पेजमा

# यस वर्षको मनसुनजन्य विपदमा १ सय ४० जनाको ज्यान गयो, ३० जना बेपत्ता

काठमाडौँ, २५ कार्तिक। यो वर्ष मनसुनजन्य विपदका कारण १ सय ४० जनाको ज्यान गएको छ। यस वर्ष पहिरोका कारण ६७, बाढीका कारण ३७, वर्षाका कारण सात र चट्याङ लागेर २९ जनाको ज्यान गएको हो। अन्य ३० जना बेपत्ता भएका छन्।

राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आज सार्वजनिक गरेको विवरण अनुसार ३ सय जना घाइते भएका छन्। विपदका कारण ५ हजार ९ सय ९५ घरपरिवार प्रत्यक्ष प्रभावित भएका प्राधिकरणले जनाएको छ। गएको वर्षको मनसुनमा वर्षाजन्य विपदा परेर ४ सय ९५ जनाको ज्यान गएको थियो। तुलनात्मक रूपमा यो वर्ष मानवीय क्षति घटेको छ। यस वर्षको मनसुन गएको जेठ १५ गते नेपाल प्रवेश गरेर १ सय ३५ दिनपछि असोज २४ गते बाहिरिएको थियो।

जल तथा मौसम विज्ञान विभागका अनुसार यो वर्षको मनसुन अवधिमा १ हजार ३ सय ७५ दशमलव ४ मिलिमिटर वर्षा भएको छ। यो औसत वर्षा १ हजार ४ सय १४ दशमलव ५ मिलिमिटरको ९७ दशमलव २३ प्रतिशत हो। मनसुनको अन्त्यतिर अर्थात् असोज १७ गतेदेखि २० गतेसम्म भएको आरीघोप्टे वर्षाका कारण मात्रै ५३ जानको ज्यान गएको र ५ जना बेपत्ता भएका प्राधिकरणको तथ्याङ्क छ। यस्तै अर्को घटनामा असार २४ गते रसुवामा आएको बाढीले १८ जनालाई बगाएको थियो।

यो वर्षको मनसुनमा बाढी, पहिरो र डुबानका समस्यासँगै सुक्खा हुने समस्या पनि आएको छ। मनसुनको शुरुआतमा वर्षा

# महाभियोग लगाइए फेस गर्न तयार छुः सभामुख मण्डल



जनकपुरधाम, २५ कार्तिक। मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले आफू विरुद्ध महाभियोगको प्रस्ताव ल्याइए फेस गर्न तयार रहेको बताएका छन्। मंगलबार जनकपुरमा संचारकर्मीहरुसंग कुराकानी गर्दै सभामुख मण्डलले सभामुखविरुद्ध महाभियोग लगाउने विषय सांसदहरूको स्वतन्त्रताको विषय रहेको भन्दै आफू त्यसको सामना गर्न तयार रहेको बताए। शनिवार उनले दलीय कार्यकर्ताले जसरी प्रदेशसभा सञ्चालन गरेको आरोप लागेको छ।

यही विषयमा उनीविरुद्ध महाभियोगको समेत चर्चा

–बाँकी अन्तिम पेजमा

### मधेश प्रदेशमा...

यसैबीच आज मुख्यमन्त्री यादवले पत्रकार सम्मेलनमार्फत आफूले तत्कालीन प्रदेश प्रमुखलाई दबाव दिएर होटेलमै शपथ लिएको स्वीकार गर्नुभएको छ। मधेश प्रदेशका ७४ जना प्रदेश सांसदको हस्ताक्षरसहित सात राजनीतिक दलले पनि आज सर्वोच्च अदालतमा मधेश प्रदेशमा मुख्यमन्त्री नियुक्ति प्रक्रियाविरुद्ध रिट दायर गरेका छन्। रिटमाथिको सुनुवाइ भोलिका लागि तोकिएको छ। यसैबीच बाहिर झडप चलिरहँदा पनि मधेश भवनमा छिरेर मुख्यमन्त्री यादवले पदभार ग्रहण गर्नुभएको छ।

### ३ महिनामा...

लुम्बिनीमा चार, कोशीमा तीन, सुदूरपश्चिममा एक वटा घटना घटेका छन्। लैङ्गिक आधारमा यस अवधिमा भएका घटनामा ४३ पुरुष र तीन महिला गरी ४६ जना पत्रकार पीडित भएका पाइएको छ।

### मधेशका मुख्यमन्त्री

अपमान हो,' उनले भनिन्, 'त्यसैले उनलाई तत्काल बर्खास्त गर्नुपर्छ।' यादवलाई बर्खास्त नगरिए आफ्नो पार्टी कडा आन्दोलनमा जाने चेतावनीसमेत उनले दिइन्।

### अस्पतालमा...

अचानक सर्ट सर्किट भएर झरेको बल्बले नवजात शिशुको टाउको र गालमा जलन भएपछि आक्रोशित आफन्तले अस्पतालमा तोडफोड गर्दै चिकित्सकमाथि हातपात गरेपछि गजेन्द्रनाराण सिंह अस्पताल राजविराजको आकस्मिक बाहेकका सबै सेवा ठप्प भएको थियो। सोमबारको सर्वपक्षीय छलफलमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले घटनामा संलग्न उपर कारवाही र क्षतिपूर्ति भराउने प्रतिबद्धता जनाउनु भएपछि मङ्गलबारबाट अस्पतालको सबै सेवा सञ्चालन भएको मेसु साहले जानकारी दिनुभयो।

### सीके राउतका...

दिएको समेत न्यौपानेले बताए। जेनजी आन्दोलनका क्रममा सुशासन र भ्रष्टाचारविरुद्ध आन्दोलनमा सहादत भएका सहिदहरूको रगत सेलाउन नपाउँदै संसद् पुनःस्थापना हुनुपर्छ भन्ने राउतको अभिव्यक्ति भ्रष्टाचार र कुसाशन विरुद्ध उठेको जनआन्दोलनको मर्म विपरीत रहेको समेत उनले बताए। पछिल्लो समय सोही आन्दोलनबाट अपदस्थ व्यक्तिहरूसँग राउतले गरेका भेटघाटहरू आन्दोलनको भावना प्रतिकूल र शङ्कास्पद देखिएको समेत उनले बताए। अध्यक्ष राउतले सोमबार सामाजिक सञ्जालमार्फत मधेसलाई पूर्ण स्वायत्तताको आन्दोलन जरूरी रहेको बताएका थिए।

### फागुन २१ को...

विदेशमा रहेका नेपालीलाई पनि मतदान गर्ने अवस्था मिलाउन सम्भव बनाउनुपर्छ', उप्रेतीको भनाइ छ। त्यस्तै उनले यो पटकको निर्वाचनमा विद्युतीय भोटिङ मेसिन प्रयोग गर्न सुझाव दिएको समेत बताए। मैले विद्युतीय भोटिङ मेसिन प्रयोग गर्न सुझाव दिएको छु। यसो गर्दा खर्चको हिसाबले पनि कम खर्च हुन्छ', उनले भने, नतिजा पनि चाँडो आउँछ।'

### यस वर्षको...

नहुँदा सरकारले साउन ८ गते मधेश प्रदेशलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको थियो। मनसुन अवधिमा मनसुनजन्य घटनाबाहेक आगलागी, सर्पदंश, जनावर आक्रमण र हावाहुरीजस्ता अन्य विपद्का घटनामा पनि ठूलो मानवीय क्षति भएको छ।

प्राधिकरणका अनुसार यस वर्षको मनसुन अवधिमा मनसुनबाहेक अन्य विपद्का १ हजार ६ सय ७६ घटना भएका थिए। यी घटनामा १ सय २० जनाको ज्यान गएको छ भने ६ सय २२ जना घाइते भएका छन्। अन्य विपद्हरूमध्ये सबैभन्दा धेरै सर्पले टोकेर ७४ जनाको ज्यान गएको छ। यस्तै जनावर आक्रमणबाट २१ जना, आगलागीबाट ११ जना र लेक लाग्नुका कारण १३ जनाको ज्यान गएको प्राधिकरणको तथ्याङ्क छ।

### महाभियोग लगाइए...

भइरहेका बेला मण्डलले त्यसको सामना गर्नका लागि तयार रहेको स्पष्ट गरे। उनले आफ्ना लागि पद ठुलो विषय नरहेको भन्दै कमजोरी छ भने राजीनामा दिन पनि तयार रहेको बताए। उनले भने मेरा लागि पद ठुलो विषय होइन, यसअघि पनि प्रदेशसभा सदस्य हुँदा त्यस्तो परिस्थिति उत्पन्न हुँदा पदबाट राजीनामा दिएकै हो, यदि सांसदहरू आएर कारणसहित राजीनामाका लागि आग्रह गर्छन् भने त्यसमा विचार गर्न सक्छु।' तर, सभामुख मण्डलले शनिवारकै विषयलाई इस्यु बनाउने काम गरे सांसदहरू उल्टै कारबाहीमा पर्नसक्ने चेतावनी दिए।

# मतदाता नामावली दर्ता गर्न सहजीकरणका लागि आयोगसँग प्रधानमन्त्रीको आग्रह



काठमाडौँ, २५ कार्तिक। मतदाता नामावली सङ्कलनमा चाप बढेको र अनलाइनमा मतदाता नामावली दर्ता गर्न असहज भएको गुनासोपछि प्रधानमन्त्री सुशीला कार्कीले सहजीकरणका लागि निर्वाचन आयोगसँग आग्रह गर्नुभएको छ। सेवाग्राहीले लामो समय कुर्नुपरेको, प्रि–इनरोलमेन्ट फारममा मतदान केन्द्र छनोट गर्न नसकेको, नागरिकता नम्बर प्रविष्ट गरे पनि नामावली दर्ता गर्न प्राविधिक समस्या आउने गरेको लगायत गुनासो बढेपछि प्रधानमन्त्री कार्कीले समस्याको पहिचान गरी समाधान गर्न आयोगसँग आग्रह गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

आउँदो फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा चुनावमा मतदान गर्ने नयाँ मतदाताले यही कात्तिक ३० गतेभित्र नामावली दर्ता गराइसक्नुपर्ने व्यवस्था छ। प्रधानमन्त्री कार्कीले कात्तिक ३० गतेभित्र नामावली सङ्कलन कार्य नसकिएमा मिति थप गर्नसमेत भन्नुभएको छ।

प्रधानमन्त्री कार्कीले मतदाता नामावली दर्ता प्रक्रियालाई आवश्यक सहजीकरण गरिदिन गृह मन्त्रालयलाई निर्देशन पनि दिनुभएको छ। निर्वाचन आयोगले मतदाता नामावलीमा नाम लेखाउनका लागि तोकेको समयसीमा नजिकिँदै गर्दा मतदाता नामावलीका लागि नाम दर्ता गराउने, फोटो खिचाउनेहरूको चाप बढेको छ।

# स्वास्थ्य सेवा प्रवाहमा लालबन्दी पहिलो

**जनार्जन खत्री**

जनकपुरधाम, २५ कार्तिक। स्वास्थ्यको क्षेत्रमा सञ्चालित विभिन्न कार्यक्रमहरुको मूल्याङ्कनका आधारमा सर्लाहीको लालबन्दी नगरपालिका जिल्लामै प्रथम भएको छ। गत आर्थिक वर्ष २०८१/८२ मा स्वास्थ्य कार्यक्रमहरुको वार्षिक प्रगति सूचकको मूल्याङ्कनका आधारमा ११ नगरपालिका र नौ गाउँपालिकामध्ये लालबन्दी नगरपालिका ९९ अङ्क प्राप्त गर्दै जिल्लामा पहिलो बनेको हो। स्वास्थ्य सेवा प्रवाहमा पहिलो बन्न सफल लालबन्दी नगरपालिकालाई प्रमुख जिल्ला अधिकारी रामुकाज कडरिया र स्वास्थ्य कार्यालय सर्लाहीका प्रमुख डा. नवलकिशोर झाले प्रशंसा–पत्रसहित सम्मान गर्नुभएको छ।

नगरप्रमुख वासुदेव अधिकारी, प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपाने, स्वास्थ्य शाखा प्रमुख मुमताज मिकरानी, सुरेन्द्र खतिवडालगायत भएर सम्मान ग्रहण गर्नुभएको छ। यस्तै स्वास्थ्य कार्यक्रमहरुको मूल्याङ्कनको आधारमा विष्णु गाउँपालिका ९६.७० अङ्कसहित दोस्रो र हरिपुर नगरपालिका ९६.२० अङ्क ल्याएर तेस्रो भएका स्वास्थ्य कार्यालय सर्लाहीका तथ्याङ्क अधिकृत लालबाबु रायले जानकारी दिनुभयो।

रायका अनुसार ९५.४० अङ्क प्राप्त गरी हरिवन नगरपालिका चौंथो र ९४.२० अङ्क प्राप्त गरी बसबरिया गाउँपालिकामा पाँचौं बनेका छन्। यि पाँच पालिकालाई स्वास्थ्य कार्यक्रमहरुको प्रगति विश्लेषणको आधारमा (ए प्ल) ग्रेडिङ प्रदान गरिएको छ। त्यस्तै, स्वास्थ्य कार्यक्रमहरुको जिल्लास्तरीय वार्षिक समीक्षा गोष्ठीमा चक्रघट्टा गाउँपालिका ८८.९०, पर्सा गाउँपालिका ८८.६०, ईश्वरपुर नगरपालिका ८८.१०, धनकौल गाउँपालिका ८८.१०, बागमती नगरपालिका ८४, चन्द्रनगर गाउँपालिका ८३.९०, बरहथवा नगरपालिका ८३.३०, ब्रह्मपुरी गाउँपालिका ८०.९० र मलङ्गवा नगरपालिका ८०.८० अङ्क प्राप्त गरी ए' ग्रेडिङमा परेका छन्।

त्यसैगरी, गोडैता नगरपालिका ७८.३०, बलरा नगरपालिका ७७.८०, कौडेना गाउँपालिका ७७.८०, हरिपुर्वा नगरपालिका ७१.७०, कविलासी नगरपालिका ७०.७० र रामनगर गाउँपालिका ७० अङ्क प्राप्त गरी बी प्लस' ग्रेडिङमा परेका स्वास्थ्य कार्यालय सर्लाहीले जनाएको छ। पालिकाले सञ्चालन गरेको खोप कार्यक्रम, मातहतका स्वास्थ्य संस्थाबाट प्रदान गरिएको स्वास्थ्य सेवा, स्वास्थ्य संस्थामा भएको सुत्केरीको दर, कुपोषित बालबालिका, क्षयरोग तथा एजआइभी सङ्क्रमित बिरामीको अवस्था र उपचारको स्थिति, सम्बन्धित निकायमा समयमै विवरण पठाएको लगायतलाई आधार मानेर पालिकाहरुको स्वास्थ्य कार्यक्रमको अवस्था मूल्याङ्कन हुने गरेको छ।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)